नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

## सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्ति सम्बन्धी सूचना

सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३ को दफा १३ बमोजिम सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको रिक्त कार्यकारी निर्देशक पद खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्न मिति २०८३/०५/१९ गते सार्वजनिक रूपमा दरखास्त आह्वान गरिएको थियो।

उक्त सूचना अनुसार रितपूर्वक प्राप्त हुन आएका आवेदनहरू उपर नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०५/१८ को निर्णयानुसार गठित छनोट समितिबाट **"सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको कार्यकारी निर्देशक छनोट सम्बन्धी कार्यविधि, २०८३"** बमोजिम प्रारम्भिक छानबिन, शैक्षिक योग्यता, अनुभव, तालिम, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता लगायतका निर्धारित प्रक्रिया पूरा गरी सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको कार्यकारी निर्देशक छनोट सम्बन्धी कार्यविधि, २०८३ को दफा १५ बमोजिम योग्यताक्रमका आधारमा नेपाल सरकार समक्ष सिफारिस पेश गरिएको थियो।

उक्त सिफारिसका आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०६/०२ को निर्णयानुसार सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको कार्यकारी निर्देशक पदमा देहाय बमोजिमका उम्मेदवारलाई नियुक्ति गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

उम्मेदवारको विवरणः

| क्र.सं. | नियुक्त उम्मेदवारको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | किरण तिमसिना | दमक -१०, झापा |

२०८३/०६/०६

कृष्णप्रसाद सापकोटा
(उपसचिव)

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np